# ६ दश आज्ञाको परिवर्तन

*यस अध्यायका मूल पदहरू*: रोमी ८:१, ७:१५-२५, रोमी ७:१-१४, यूहन्ना २०:१९-२३, प्रेरित २०:६,७, दानिएल ७:२३-२५ र प्रकाश १३:१-१७।

*यस अध्यायको मूल सार पद*: **"सर्बोच्च परमेश्वरको विरुद्धमा उसले बोल्नेछ र उहाँका पवित्र जनहरूलाई दमन गर्न प्रयास गरिनेछ साथै समय र व्यवस्थाहरूलाई परिवर्तन गर्न खोज्नेछ। समय, समयहरू र आदि समयको निम्ति पवित्र जनहरू उसको हातमा सुम्पिनेछ"** (दानिएल ७:२५ रूपान्तरित)।

बाइबलमा यस युगको अन्तमा हुने विभिन्न घट्नाहरू उल्लेख गरिएको कुरा हामीलाई थाहा छ। तर ती विभिन्न घट्नाहरूको केन्द्रविन्दु परमेश्वरको व्यवस्थाको बारेमा उठ्ने प्रश्न हो। त्यसमा पनि मुख्य गरेर चौथौं आज्ञा हो जसमा प्रत्येक मानिसलाई सातौं दिन साबथ हो र त्यसलाई मान्नु भन्ने परमेश्वरको आज्ञा समावेश गरिएको छ। व्यवस्था वा परमेश्वरको दश आज्ञा चाहे त्यो साबथ पालन गर्ने कुरा नै किन नहोस् त्यसले हामीलाई मुक्ति दिँदैन भन्ने कुरा हामीलाई राम्रोसँग थाहा छ। मुक्ति भनेको प्रभु येशूमा विश्वास गरेरमात्र पाइन्छ अरू केहिबाट होइन भन्ने कुरामा हामी सतप्रतिसत सहमत छौं। तर यो पनि हामीले बुझेका छौं कि युगको अन्तमा हामी कसको पक्षमा उभिरहेका छौं भनेर सार्वजनिक रूपमा देखाउने प्रमाण सातौं दिन साबथसमेत परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूलाई शिरोपर गरिरहेका छौं कि छैनौं भन्ने कुराले देखाउँछ। त्यसको अर्थ हामी परमेश्वरको नीतिमा चलेर उहाँको पक्षमा छौं कि उहाँको विद्रोहीको पक्षमा हामी उभिरहेका छौं।

हामी कुन पक्षमा (कित्तामा) उभिरहेका छौं भनेर युगको अन्तमा हुने विभिन्न घट्नाहरूले हामीलाई देखाउँछ। ती घट्नाहरूको मुख्य वा निर्णायक घट्नालाई प्रकाश १३ र १४मा उल्लेख गरिएको छ। राजनैतिक र धार्मिक शक्तिहरू मिलेर संसारका मानिसहरूलाई झुट्टा आराधनामा लाग्न जबरजस्ती गरिनेछ। ती जबरजस्ती लादिने धर्म परमेश्वरले आज्ञा गर्नुभएको प्रकाश १४:७को बिपरित हो जसमा आफ्ना जनहरूलाई यसरी आह्वान गरिएको छ, "स्वर्ग र पृथ्वी, समुद्र र पानीको मुहानहरू सृजनुहुने परमेश्वरको आराधना

गर।" त्यसको अर्थ केवल सनातन सृष्टिकर्ता परमेश्वरको मात्र आराधना वा पूजा गर्नु हो अरू कसैलाई होइन। यस अध्यायमा हामीले परमेश्वरको व्यवस्था वा दश आज्ञाको बारेमा अध्ययन गर्नेछौं । त्यसमा विशेष गरेर साबथको बारेमा हेर्नेछौं। युगको अन्तमा हुने परमेश्वरको व्यवस्थालाई परिवर्तन गर्न खोज्ने विभिन्न शक्तिहरूको चलखेल र त्यसले हामीलाई कसरी प्रभाव पार्छ सो को अध्ययनलाई हामी केवल स्पर्समात्र गर्नेछौ।

## १. प्रतिज्ञा

"जो मानिस शारीरिक स्वभावलाई पोस्न होइन तर आत्मिक स्वभावलाई उचाल्न येशू ख्रीष्टमा रहेर हिँड्दछ त्यसलाई अब पापी भनेर दोष लगाइनेछैन|" (रूपान्तरित) भनेर रोमी ८:१मा गरिएको बाचालाई बाइबलका धेरै वाचाहरूमध्ये एक अत्यन्तै महान् वाचा मान्नुपर्छ। अगाडि जे जे छलफल गरियो यी शब्दहरू ती सबैको निष्कर्ष भने पनि हुन्छ। रोमी ८ भन्दा अगाडि पावलले जे-जे भने त्यसलाई बुझ्न सकेमात्र रोमी ८:१मा उल्लेख गरिएको प्रतिज्ञा र आशाको बारेमा राम्रोसँग बुझ्न सकिन्छ।

**रोमी ८:१मा उल्लेख गरिएको वचनलाई आत्मसात् गर्न वा त्यो वचनलाई जतन गरेर मनमा राखिरहन रोमी ७:१२-२५लाई बुझ्न जरुरि छ | हेर्नुहोस्: "१२ यसैले त भाइ हो, पापमय स्वभावअनुसार जीउनलाई हामी पापमय स्वभावप्रति बाध्य छैनौं। १३ किनकि पापमय स्वभावअनुसार जिउँछौ भने, तिमीहरू मर्छौ, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पाऱ्यौ भने, तिमीहरू जिउनेछौ। १४ किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्। १५ किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकाछौं, १६ त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो। १७ र सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे-उत्तराधिकारी। उहाँसँग दुःख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं। १८ म विचार गर्दछु, कि हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन्। १९ सृष्टि बड़ो उत्कण्ठाले परमेश्वरका पुत्रहरू प्रकट हुने कुराको प्रतीक्षा गर्छ। २० सृष्टि व्यर्थताको वशमा पारियो, त्यसको आफ्नै इच्छाले होइन, तर उहाँको इच्छाले, जसले त्यसलाई वशमा पार्नुभयो, यसै**

**आशामा, २१ कि सृष्टि त्यसको आफ्नै विनाशको बन्धनबाट मुक्त गराइनेछ, र त्यसले पनि परमेश्वरका सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्नेछ। २२ हामी जान्दछौं, सारा सृष्टि अहिलेसम्म एकसाथ प्रसववेदनाको आर्तनाद गरिरहेछ। २३ सृष्टि मात्र होइन, तर हामी आफै पनि, जसमा पवित्र आत्माको पहिलो फल छ, सन्तानको रूपमा ग्रहण गरिनलाई, अर्थात् हाम्रो देहको उद्धारको निम्ति प्रतीक्षा गरेर हामी आफै पनि भित्र-भित्रै आर्तनाद गर्दछौं। २४ किनकि यही आशामा हामीले मुक्ति पाएका थियौं। अब देखिनेचाहिँ आशा त आशा नै होइन। किनकि देखेका कुराको आशा कसले गर्छ र? २५ तर यदि हामी आफूले नदेखेका कुराको आशा गर्छौं भने, धैर्यसाथ हामी त्यसको प्रतीक्षा गर्छौं।"**

**पावलले** विशेष गरेर आफ्नो बारेमा हो कि वा विश्वासीको बारेमा चर्चा गरिरहेकको हो भन्ने तर्कमा इसाई जगतमा अत्यन्त ठूलो बादबिवाद भइरहेका छन् तर पावलले पापको वास्तविकताको बारेमा चर्चा गरिरहेको कुरामा कसैको असहमति छैन। जो कोहि पनि वा मै हुँ भन्ने इसाईहरूले पनि पावलले उल्लेख गरेको संघर्षमा कुनै न कुनै रूपमा आफू पनि संलग्न भइरहेको अनुभवलाई काल्पनिक भन्दैनन्। आत्मा वा अन्तरविवेक र शारीरिक चाहनाको बीचमा घनघोर संग्राम कसलाई भएको छैन र? जे गर्नुपर्छ त्यो नगरिकन जे गर्नुहुन्न त्यो गर्न कतिपय समयमा कतिपय वाध्य भएका पनि होलान्? याद गर्नुहोस्, पावलको निम्ति परमेश्वरको आचारसहिंता वा दश आज्ञाले दिएको समस्या होइन तर आफ्नो शारीरिक पापमय स्वभावले दिएको हो। ठीक काम गर्ने इच्छा भएतापनि कतिपयहरु गलत काम गर्न पनि पुगेका होलान्? येशूमा पुनर्जीवन पाएपछि पापसँग संघर्ष नै गर्नु पर्दैन भनेर पावलले चर्चा गरिरहेका पनि होइनन् भनेर कसैले भनेपनि परमेश्वरको पछि लाग्दा के गर्ने के नगर्ने भन्ने खालका द्विविधाहरुको सामना कसले गर्नु परेको छैन होला र?

त्यसले गर्दा यो प्रख्यात क्रन्दन पावलले उच्चारण गर्दछन्, "म कस्तो अभागी मानिस! यो मर्ने शरीरबाट मलाई कसले छुट्कारा गर्ला?" (रोमी ७:२४ रूपान्तरित)। तर त्यसको जवाफ उनले येशूमा पाउँछन्। प्रत्येक विश्वासी वा येशूभक्त जो पवित्र आत्माको अगुवाईमा येशूको अनुग्रह अनुसार हिँड्छ त्यसलाई अब दोषी ठहराइदैन वा पापी भनेर त्यसलाई सजायँ दिइन्न भन्ने महान् प्रतिज्ञाले मानिसको कहालिलाग्दो स्थिति वा क्रन्दनलाई शान्त पार्दछ। हो, येशूलाई विश्वास गर्ने जुनसुकै परमभक्तले पनि अनेक किसिमको आर्थिक, शारीरिक, सामाजिक, व्यक्तिगत संङ्घर्ष र परीक्षा वा प्रलोभनको

सामना गर्नु पर्छ। पाप भनेको काल्पनिक नभएर वास्तविक हो। जब विश्वासीहरू येशूलाई विश्वास गरेर उहाँको कदममा हिँड्दछन् तब परमेश्वरको व्यवस्थाले देखाउने दोष अब तिनीहरूमाथि थुप्रिदैन बरू व्यवस्था अनुसार चल्न हृदयदेखि तिनीहरू राजी हुन्छन्। यसरी तिनीहरू आत्मामा हिँडेका ठहरिन्छन् मानवीय शारीरिक स्वभावलाई उचाल्न होइन।

**रोमी ८:१ फेरि पढ्नुहोस्। पावलले यहाँ भनिरहेको वचनमा तपाईंको कस्तो सरोकार छ? रोमी ८:१ किन हाम्रो निम्ति अद्भूत प्रतिज्ञा भएको छ?**

## २. परमेश्वरको व्यवस्था वा दश आज्ञा र पाप

अगाडिको बुँदामा हामीले पाप भनेको कुनै मनगढन्ते कुरा नभएर चाहे इसाई होस् चाहे नहोस् सबैको निम्ति वास्तविक नै हो भनेर रोमी ७:१५-२५ अनुसार हेर्‍यौं। यद्यपि त्यो भन्दा अगाडिका पदहरूमा पावलले परमेश्वरको दश आज्ञाहरू वा व्यवस्थाको बारेमा औंल्याउँदा पाप भनेको हाम्रो जीवनको निम्ति कतिको वाधक र हत्यारा हुन् भनेर देखाइएको थियो।

**परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू र पापको बीचमा के सम्बन्ध के सम्बन्ध छ? पावलले रोमी ७:१-१४मा कोही मानिस पनि परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूले मुक्ति पाउन सम्भव छैन भनेर कसरी व्याख्या गरेका छन्? हेर्नुहोस्: १ यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन। २ पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ। ३ पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैं पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो, ४ यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं। ५ किनभने पापमय स्वभावअनुसार चल्नेहरूले शरीरका कुरामा मन लगाउँछन्, तर आत्माअनुसार चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन्। ६ किनभने, पापमय स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो। ७ किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो। परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुन सक्छ। ८ पापमय स्वभावको वशमा हुनेहरूले परमेश्वरलाई प्रसन्न पार्न सक्दैनन्। ९ यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, तिमीहरू पापमय स्वभावमा होइन, तर पवित्र**

**आत्मामा हुन्छौ। तर कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदैहोइन। १० यदि ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ भने, पापको कारणले तिमीहरूका शरीर मरेका भए तापनि तिमीहरूका आत्मा धार्मिकताको कारणले जिउँदा हुन्छन्। ११ तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ। १२ यसैले त भाइ हो, पापमय स्वभावअनुसार जिउनलाई हामी पापमय स्वभावप्रति बाध्य छैनौं। १३ किनकि पापमय स्वभावअनुसार जिउँछौ भने, तिमीहरू मर्छौ, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पार्‍यौ भने, तिमीहरू जिउनेछौ। १४ किनभने सबै, जो परमेश्वरका आत्माले डोर्‍याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्।"**

पावलले यहाँ के सिकाइरहेका छन् त्यसमा दुई निर्णायक विषयबस्तुहरू छन्। प्रथमतः हाम्रो निम्ति परमेश्वरको व्यवस्था समस्या होइन। परमेश्वरको व्यवस्था "पवित्र, उचित वा न्यायपूर्ण र असल" छ। तर समस्याचाहिँ पाप हो जसले हामीलाई मृत्युमा लैजान्छ। अर्को बिषयचाहिँ हाम्रो पाप र मृत्युबाट परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूले मुक्ति दिन असम्भव छ। परमेश्वरको व्यवस्थाले पाप र मृत्युको समस्यालाई औंल्याउँछ। अझ पाप र मृत्युको समस्याको वास्तविकतालाई व्यवस्थाले छर्लङ्ग पार्दछ। तर व्यवस्थाले पाप र मृत्युको समस्यालाई समाधान गर्न केही उपाय पनि उपलब्ध गराउँदैन।

केवल बाइबललाई हल्का रूपमा हेर्ने मानिसहरूले मात्र ती पदहरूलाई लिएर परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू निलम्बन भयो भनेर पावलले भन्दछन् भनेर जिकिर गर्दछन्।तर त्यो विचार पावलको विचारभन्दा बिपरित छ। दश आज्ञा वा व्यवस्थाको गरिमा अब छैन भनेर पावलले कुनै पनि स्थानमा भनेका छैनन् तर त्यसलाई पालन गर्नुपर्छ भनेर सिकाउँदछन्।खास पावलको आसय परमेश्वरको व्यवस्था वा दश आज्ञाले मानिसमा नैतिकताको पाठ सिकाउने भएकोले त्यो व्यवस्था मानिसको जीवनको निम्ति नभैनहुने आचारसंहिता हो भन्न खोजेका छन्| किनभने यसले मात्र पापको वास्तविकतालाई औंल्याउँछ (अर्थात कुनै मानिसले परमेश्वरको व्यवस्था मान्दैन वा उसको नीतिमा दश आज्ञालाई ठाउँ दिदैन भने उसलाई पापको उचित परिभाषा पनि थाह हुँदैन न त विवेकले नै पापलाई वास्ता

गर्छ)। तर, जब मानिसमा पापको वास्तविकताको ज्ञान हुन्छ तब उसलाई सुसमाचारको आवश्यकता भएको महसुस हुन्छ। परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूको बारेमा पावलले आफ्नो धारणा यसरी स्पष्ट पार्दछ, "अब हामी के भन्ने त? के व्यवस्था वा दश आज्ञाहरू पाप हो त? अहँ कदापी होइन! बरू त्यसको बिपरित, परमेश्वरको व्यवस्था वा दश आज्ञाको ज्ञान ममा छैन भने मलाई पाप भनेको के हो सो थाहा हुने थिएन। अर्काको लोभ गर्नु भनेको पाप हो भनेर मलाई कसरी थाहा हुने, यदि दश आज्ञा वा व्यवस्थाले "तिमीले लोभ नगर्नु" भनेर उल्लेख नगरेको भए?" (रोमी ७:७ रूपान्तरित)।

**रोमी ७:१२-१४ फेरि गहिरिएर पढ्नुहोस्। परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूको बारेमा चर्चामात्र पावलले यहाँ गरिरहेका छैनन् तर त्यसको आवश्यकताको बारेमा पनि कसरी जिकिर गर्दछन्? हेर्नुहोस् "१२ यसैले त भाइ हो, पापमय स्वभावअनुसार जिउनलाई हामी पापमय स्वभावप्रति बाध्य छैनौं। १३ किनकि पापमय स्वभावअनुसार जिउँछौ भने, तिमीहरू मर्छौ, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पार्‍यौ भने, तिमीहरू जिउनेछौ। १४ किनभने सबै, जो परमेश्वरका आत्माले डोर्‍याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्।"**

याद गर्नुहोस् परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूले मृत्युलाई उत्पन्न गराउँदैन तर पापले गराउँछ। तर मृत्युको समाधान के हो त भन्दा त्यसको जवाफ दश आज्ञामा छैन। तर सुसमाचारमा छ। जो मानिसहरू इसाई हौं र ख्रीष्टद्वारा मुक्ति पाएका छौं भनेर दावी गर्छन् तिनीहरूले नयाँ आत्माले भरिएर उहाँको सेवा गर्नु आवश्यक छ (रोमी ७:६ रूपान्तरित)। त्यसको अर्थ हामी विश्वासद्वारा येशूसँग सम्बन्ध राखेर जिउँछौं। उहाँले गर्नुभएको काम र उहाँको धार्मिकताले हाम्रो मुक्तिले पूर्णता पाउँदछ| (जुन रोमीको पुस्तकभन्दा अघिका मूल विषयबस्तु हुन्।)

**तपाईंको आफ्नै जीवनमा परमेश्वरको व्यवस्थालाई शिरोपर गरेर चल्न उहाँको अनुग्रहको आवश्यकता भएको कसरी अनुभव गर्नुभएको छ?**

## ३. पवित्र बिश्रामबार शनिबारबाट आइतबार?

हामी सेभन्थ डे एडभेन्टिस्टहरूलाई अरु सम्प्रदायका इसाई विश्वासीहरूले तिमीहरु इसाई होइनौ किनभने परमेश्वरले खारेज गर्नुभएको परमेश्वरको व्यवस्था कायमै राखेका छौ भनि हामीलाई भन्दछन्| तर आफ्ना सम्प्रदायलाई भने अनुग्रह प्राप्त भएको हुनाले दश आज्ञालाई पालन गर्नु पर्दैन

भनी उनीहरू ठोकुवा गर्दछन्। तर वास्तविक रूपमा तिनीहरूले अरू नौ आज्ञाहरूको बारेमा नभनिकन चौथो आज्ञा खारेज भयो भनेर जिकिर गर्दछन्। तिनीहरूले खास गरेर त्यो भन्दा पनि सातौं दिन बिश्रामबार वा साबथलाई हप्ताको पहिलो दिन आइतबारमा सारियो भनेर सिकाउँदछन्।जुन येशूको पुनरुत्थानको सम्मानमा सारिएको हो भनेर तिनीहरू विश्वास गर्दछन्। सातौं दिनबाट पहिलो दिन आइतबारमा बिश्रामबार सारियो भनेर बाइबलमा एथेष्ठ प्रमाणहरू छन् भनेर पनि तिनीहरू ढुक्क हुन्छन्।

देहायका केही पदहरूलाई नै लिएर धेरै इसाईहरूले पुरानो करारको सातौं दिनबाट आइतबार वा हप्ताको पहिलो दिन नयाँ करारमा परिवर्तन गरियो भनेर निर्धक्क़सँग विश्वास गर्दछन्। जब हामी ती पदहरू पढ्दछौं तब हामीले यो सोध्न आवश्यक छः कि ती पदहरूले हप्ताको सातौं दिनमा पवित्र बिश्राम दिनलाई मान्ने चलन आइतबारमा सारेर परिवर्तन गरियो कि हप्ताको पहिलो दिनमा के भयो भनेर वर्णन मात्र गरिरहेको छ? के ती घट्नाहरूले परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भनेर प्रमाणित गर्ने सातौं दिन पवित्र बिश्रामदिनलाई हप्ताको पहिलो दिनमा सारियो भनेर अनुमोदन गरेको छ ? हेर्नुहोस्ः

**यूहन्नाले यूहन्ना २०ः१९-२५मा बन्द कोठामा चेलाहरू के कारण भेला भएका थिए भनेर वयान दिन्छन्। के ती पदहरूले हप्ताको पहिलो दिनमा येशूको आराधना गर्न भेला भएका थिए भनेर बताउँछ त त्यो पनि साँझमा? कतिपय इसाईहरूले हो भनेर विश्वास गर्दछन्। हेर्नुहोस्ः "१९ त्यही दिन, अर्थात् हप्ताको पहिलो दिनको साँझ, जब यहूदीहरूको डरले चेलाहरू ढोकाहरू बन्द गरेर भित्र बसेका थिए, येशू आएर तिनीहरूका माझमा उभिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति!" २० यति भनेर उहाँले तिनीहरूलाई आफ्ना हात र कोखा पनि देखाउनुभयो। प्रभुलाई देखेर चेलाहरू अति खुशी भए। २१ तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।" २२ अनि यति भनेर उहाँले तिनीहरूमाथि श्वास फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ। २३ जसका पाप तिमीहरू क्षमा गर्छौ, तिनीहरूलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरू क्षमा गर्दैनौ क्षमा हुनेछैन।" २४ येशू आउनुहुँदा बाह्र जनामध्ये एक जना, दिदुमस भन्ने थोमाचाहिँ, तिनीहरूसँग थिएनन्। २५ यसकारण अरू चेलाहरूले तिनलाई भने, "हामीले प्रभुलाई देख्यौं।" तर तिनले उनीहरूलाई भने, "जबसम्म म उहाँका हातमा किलाहरूका डोब देख्दिनँ, र किलाहरूका डोबमा**

मेरा औंला हाल्दिनँ, उहाँको कोखामा मेरो हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैनँ।"

के लूकाले देहायका पदहरूमा पवित्र बिश्रामबार दिन सातौं दिनबाट पहिलो दिनमा सारियो भनेका छन्? हेर्नुहोस्: प्रेरित २०:४-८ "४ तब बेरिया-निवासी पुरसका छोरा सोपात्रोस, थेसलोनिकेबाट अरिस्तार्खस र सिकन्दस, डर्बीका गायस, अनि तिमोथी र एशियाका तुखिकस र त्रोफिमस तिनको साथ गए। ५ यिनीहरू अगाडि नै पुगेर हामीलाई त्रोआसमा पर्खिरहेका थिए। ६ तब हामीचाहिँ अखमिरी रोटीको चाड़का दिनहरूपछि फिलिप्पीबाट जहाजमा यात्रा गरी पाँच दिनमा त्रोआसमा तिनीहरूकहाँ आयौं, र त्यहाँ सात दिन रह्यौं। ७ हप्ताको पहिलो दिनमा जब हामी रोटी भाँच्नलाई जम्मा भयौं, तब पावलले चाहिँ भोलिपल्ट जाने इच्छा गरेका हुनाले, तिनीहरूसँग मध्यरातसम्म बातचित गरिरहे। ८ हामी भेला भएको माथिल्लो तलाको कोठामा धेरै बत्तीहरू थिए।" र प्रेरित २:४२-४७ "४२ तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे। ४३ हरेकको हृदयमा भय उत्पन्न भयो, र प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्हहरू भए। ४४ विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। ४५ तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे। ४६ तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, ४७ र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।"

१ कोरन्थी १६:१-४मा पावलले विश्वासीहरूलाई हप्ताको पहिलो दिन भेटीहरू जम्मा गरेर राख्नु भनेर आग्रह गर्दछन्। उनी चाहान्छन् कि उनी आउँदा त्यहाँ भेटीहरू जम्मा गर्न समय निकाल्न नपरोस्, तर के पावलले सातौं दिन शनिबारबाट आइतबारमा आराधना वा बिश्रामको दिन सारियो भनेर ती पदहरूले सिकाउँदछ त? हेर्नुहोस्: "१ अब सन्तहरूका निम्ति भेटीको विषयमा गलातियाका मण्डलीहरूलाई मैले दिएको आदेशअनुसार तिमीहरूले गर्नू: २ प्रत्येक हप्ताको पहिलो दिन तिमीहरू हरेकले आ-आफ्नो कमाइअनुसार केही धन छुट्ट्याएर जम्मा गर्दै राख्नू, ताकि म आउँदा भेटी संग्रह गर्नु नपरोस्। ३ अनि म आएपछि तिमीहरूले चाहेका मानिसहरूलाई परिचयपत्र दिएर तिमीहरूका भेटी लिई यरूशलेम पठाउनेछु। ४ तर म पनि जान ठीक देखियो भने तिनीहरू मसँग जानेछन्।"

इसाई प्रचारक वा बाइबलका विद्वान शिक्षकहरूले पनि माथिका ती पदहरूलाई लिएर सातौं दिन साबथ खारेज भयो र आइतबारको दिनले प्राथमिकता पायो भनेर प्रमाणित गर्न खोज्दछन्। हप्ताको केही पहिला दिनहरूमा चेलाहरू किन भेला भए भनेर केही कारणहरूले बताए बाहेक तिनीहरूद्वारा सातौं दिन बिश्रामबार साबथलाई परिवर्तन गरेर पहिलो दिनमा सेवा आराधना सारियो भनेर कुनै पनि पदले पुष्टि गर्दैन। ती पदहरू लेखिएको केही शताब्दीपछि इसाईहरूले सूर्यको पूजा गर्ने दिन आइतबारलाई आराधना गर्ने दिन भन्ने प्रथा चलाउन थालेका थिए। तर ती इसाईहरूले नै ती बाइबलका पदहरूमा नभएका चलनलाई छ भनेर घुसाउन कोसिस गरेको स्पष्ट हुन्छ।

## ४. नयाँ करारमा सातौं दिन साबथ

हप्ताको पहिलो दिन आइतबारलाई नै सातौं दिन पवित्र बिश्रामबारबाट सारिएको भनेर इसाईहरूले अगाडिको बुँदामा उल्लेख गरेका केही पदहरूलाई लिएर सिकाइएको हामीले हेरयौं । तर यथार्थमा भन्ने हो भने हप्ताको पहिलो दिन साबथको गरिमालाई लिएर नयाँ करारमा उल्लेख गरिएको प्रत्येक पदहरूले त्यस समयका विश्वासीहरूले पालना गरेका थिए भनेर पुष्टि गरिएको पाइन्छ। शुरूका चेला तथा विश्वासीहरूले दश आज्ञा कायमै भएको थियो भनेर तिनीहरूकै जीवनको क्रियाकलापबाट देखाएका थिए।

**येशूले आफ्नो काम शुरूगर्नुभन्दा पहिले र उहाँको मृत्युपछि पनि हप्ताको सातौं दिन साबथलाई कसरी पवित्र ठानेर उहाँले र अरू चेलाहरूले पालना गरेका थिए भनेर देहायका पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्: लूका ४:१४-१६ "१४ येशू पवित्र आत्माको शक्तिमा गालीलमा फर्कनुभयो, र उहाँको विषयको कुरा वरिपरिका सबै ठाउँमा फिँजियो। १५ उहाँले सभाघरहरूमा शिक्षा दिन लाग्नुभयो, र सबैले उहाँको प्रशंसा गर्थे। १६ उहाँ नासरतमा आउनुभयो, जहाँ उहाँ हुर्कनुभएको थियो। उहाँ आफ्नो आदतअनुसार शबाथ-दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खड़ा हुनुभयो।" र लूका २३:५५-५६ "५५ गालीलबाट उहाँको साथमा आउने स्त्रीहरू पछिपछि गए, र त्यो चिहान हेरे, र उहाँको लाश कसरी राखियो सो देखे। ५६ तब फर्केर तिनीहरूले सुगन्धित द्रव्य र अत्तरहरू तयार गरे। अनि व्यवस्थाको आज्ञाअनुसार शबाथमा तिनीहरूले विश्राम गरे।"**

येशूसँग रहेका स्त्रीहरूले आज्ञा अनुसार साबथमा बिश्राम लिए भन्ने कुरालाई सोच्नुहोस् (लूका २३:५६)। त्यो आज्ञा सिनैको पहाडमा परमेश्वरले ढुङ्गाको पाटीमा लेख्नुभएको दश आज्ञाहरू मध्ये चौथो आज्ञा हो भन्ने सजिलैसँग बुझिन्छ। त्यसकारण तिनीहरूले येशूसँग रहँदा जे जे सिके त्यसले साबथ समावेश भएको दश आज्ञाहरूलाई वेवास्ता गर्नुपर्छ भनेर सिकेका थिएनन्। वास्तविकरूपमा भन्ने हो भने येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको थियो, "यदि तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर" (यूहन्ना १४:१५ रूपान्तरित)। सातौं दिन शनिबारको सट्टामा आइतबारलाई पवित्र मान्न निर्देशन दिइएको थियो भने ती स्त्रीहरूलाई त्यसको बारेमा केही पनि जानकारी थिएन।

**देहायका पदहरू पढ्नुहोस्। ती पदहरूले साबथलाई पालन गरिरहेको प्रमाण कसरी दिएको छ? के त्यहाँ हप्ताको पहिलो दिन आइतबारलाई मान्नुपर्छ भन्ने केही प्रमाण दिइएको छ? हेर्नुहोस्: प्रेरित १३:१३-१५ "१३ पावल र तिनका साथीहरू पाफोसबाट जहाज चढ़ी पामफिलियाको पर्गामा पुगे, र यूहन्नाचाहिँ तिनीहरूबाट छुट्टिएर यरूशलेम फर्के। १४ तर तिनीहरू पर्गाबाट निस्केर पिसिदियाको एन्टिओखियामा आए, र शबाथमा सभाघरभित्र गएर बसे । १५ अब व्यवस्था र अगमवक्ताका पुस्तकको पाठ पढ़ेपछि सभाघरका शासकहरूले तिनीहरूकहाँ यसो भनी पठाए, "ए भाइ हो, तपाईंहरूसित मानिसहरूका निम्ति अर्तीको वचन केही छ भने भन्नुहोस्।", प्रेरित १३:४२-४४ "४२ पावल र बारनाबास सभाघरबाट निस्केर जान लाग्दा आउँदो शबाथमा पनि यी कुरा सुनाइदेऊन् भनी मानिसहरूले तिनीहरूलाई बिन्ती गरे। ४३ सभा विसर्जन भएपछि धेरै यहूदीहरू र यहूदी मत मान्ने भक्तहरू पावल र बारनाबासको पछि लागे, र तिनीहरूले उनीहरूसँग बोल्दै उनीहरूलाई परमेश्वरको अनुग्रहमा रहिरहनू भनी आग्रह गरे। ४४ अर्को शबाथमा झण्डै सम्पूर्ण सहर परमेश्वरको वचन सुन्नलाई उल्टेर आयो।" र प्रेरित १६:११-१४ "११ तब हामीहरू त्रोआसबाट जहाजमा चढ़ी सोझै सामोथ्राकेतिर गयौं, र भोलिपल्ट नियापोलिसमा आइपुग्यौं, १२ र त्यहाँबाट फिलिप्पीमा आइपुग्यौं, जो माकेडोनियाको प्रमुख सहर र रोमी उपनिवेश पनि हो। हामी त्यस सहरमा केही दिन बस्यौं। १३ अब शबाथमा सहरको ढोकाबाट बाहिर नदी किनारमा गयौं, किनकि त्यहाँ प्रार्थना गर्ने ठाउँ छ भनी हामीले अनुमान लगाएका थियौं, र त्यहाँ हामी बस्यौं र जम्मा भएका स्त्रीहरूसँग बातचित गर्न लाग्यौं। १४ अनि थिआटीरा सहरकी निवासी, बैजनी वस्त्रको व्यापार गर्ने लिडिया नाउँकी एउटी**

**ईश्वरभक्त स्त्रीले हाम्रा वचन सुनिन्। पावलले बोलेका कुरा ध्यानसँग सुनून् भनेर प्रभुले तिनको हृदय खोलिदिनुभयो।"**

माथिका पदहरूले साबथलाई हप्ताको सातौं दिन शनिबारबाट आइतबारमा सारियो भन्ने कुनै पनि प्रमाण देखाएको छैन। बरू शुरूका विश्वासीहरूले पनि दश आज्ञाका अरू आज्ञाहरू सरह सातौं दिन साबथलाई मान्यता दिने चलन कायमै राखेका थिए भन्ने कुरा ती पदहरूले स्पष्टरूपमा औँल्याउँछ।

प्रेरित १६:१३ बिशेष महत्त्वपूर्ण छ। किनभने यहूदीहरूले आराधना गर्ने शभाघर सिनिगगभन्दा बाहिरको परिवेशमा उल्लेख गरिएको छ। विश्वासीहरू नदीको किनारामा सङ्गति गरिरहेका थिए। त्यस ठाउँमा प्रार्थना गर्ने चलन तिनीहरूले बसालेका थिए। त्यो दिन सातौं दिन साबथको दिनमा थियो। त्यो पनि येशू मरेर पुनरुत्थान भएको धेरै वर्षपछि उल्लेख गरिएको छ। अर्कोतर्फ सातौं दिनबाट पहिलो दिनमा आराधना गर्न पवित्र दिन भनेर परिवर्तन गरिएको थियो भन्ने कुरा त्यस पदले कुनै पनि रूपमा आभास् दिँदैन।

**आइतबारलाई नै साबथ दिन हो भनेर पालन गर्ने इसाई बिश्वासीहरूलाई दोष नदिइकन भद्र भएर सम्झाउने उपायहरू कुन कुन हुनसक्छन्?**

## ५. हप्ताको सातौं दिन साबथलाई आइतबारमा परिवर्तन गर्ने ठूलो प्रयास

पाप भनेको के हो भनेर औँल्याउने वा परिभाषा दिने परमेश्वरको दश आज्ञाहरू पालन गर्नु पर्छ भन्ने कुरा अझै पनि कायमै छ| (याकूब २:८-१३ "८ यदि “आफ्ना छिमेकीलाई आफूलाई झैं प्रेम गर” भन्ने पवित्र-धर्मशास्त्रको राजकीय व्यवस्थालाई साँच्चै पूरा गर्दछौ भनेता असलै गर्दछौ। ९ यदि तिमीहरूले भेदभाव देखायौ भनेता तिमीहरू पाप गर्दछौ, र व्यवस्थाद्वारा अपराधी ठहरिन्छौ। १० किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ। ११ किनकि जसले “व्यभिचार नगर्” भन्नुभयो, उहाँले “हत्या नगर्” पनि भन्नुभयो। तसर्थ यदि तिमीले व्यभिचार गर्दैनौ तर हत्या गर्दछौ भने, तिमी व्यवस्थाका अपराधी भएका छौ। १२ यसकारण तिमीहरूको बोली र व्यवहार स्वतन्त्रताको व्यवस्थाबमोजिम न्याय पाउनेहरूका जस्तै होस्। १३ किनकि जुन मानिसले कृपा गरेको छैन, त्यसको न्याय कृपाविना नै हुन्छ। कृपा न्यायमाथि विजयी हुन्छ)। अचम्म यो छ कि इसाई भनाउँदा धेरै विश्वासीहरूले बाइबलले

अनुमोदन नगरेको भएपनि आइतबारलाई नै पवित्र दिन भनेर किन मान्दछन् त?

दानियल ७ अध्यायमा चार किसिमका महान् साम्राज्यहरूको उदयको बारेमा वर्णन गरिएको छ। तिनीहरूमा बेबिलोन (आधुनिक इराक), मिड-पर्सिया, ग्रीस र रोम जुन चौथौं र अन्तिम पृथ्वीको साम्राज्यहरु हुन्। विश्वको अन्तिम शक्तिशाली साम्राज्यको अन्तिम अवस्थामा पुग्दा त्यस राज्यबाट सानो सिङ निस्केर त्यो शक्तिशाली बनेको दानियलले आफ्नो स्पप्न दर्शनमा देखेका थिए (दानिएल ७ः८)। त्यो सानो शक्तिशाली राज्य रोमी साम्राज्यको भाग नै थियो तर रोमी साम्राज्यको अन्तिम समयमा उदय भएको थियो। इतिहासलाई केलाएर हेर्दा त्यो सानो सिङ रोमन क्याथोलिक चर्च र त्यसको मुख्य अगुवा पोप हो भनेर जनाउँछ। त्यो शक्ति पाश्चात्य देश रोमबाट सिधै उठेको थियो र अहिले पनि रोमी साम्राज्यको पतन भएपनि त्यो सानो सिङको बिगबिगी अहिले पनि जारी नै छ। सन् १६००मा इतिहासकार थोमस हब्स लेख्दछन्, "विश्वलाई नियन्त्रण गर्ने त्यो महान् धार्मिक शक्ति को हो भनेर नियाल्दा पोपतन्त्र नै हो जुन मरिसकेको रोमी साम्राज्यको भूत हो जो कि रोमी साम्राज्यको चिहानमाथि बसेर मुकुट लगाएर बसिरहेको छ।"-लिभियथान, (अक्स्फोर्डः अक्सफोर्ड युनिभर्सिटी प्रेस, १९९६), पृ. ४६३बाट रूपान्तरित।

**पवित्र साबथ सातौं दिनको सट्टा आइतबारमा सार्न लगाइयो भन्ने जानकारी पाउन दानियल ७:१९-२५ले कसरी सिकाउँछ? हेर्नुहोस्: "१९ “तब मैले त्यो चौथो जनावरको साँचो अर्थ जान्न चाहें, जुनचाहिँ फलामका दाँत र काँसाका नङ्ग्रा भएको अरूभन्दा फरक र अत्यन्तै डरलाग्दो थियो– त्यो जनावर जसले आफ्नो शिकारलाई चपाएर खाइदियो र बाँकी रहेकालाई खुट्टाले कुल्चीमिल्ची पार्‍यो। २० मैले त्यसको टाउकोमा भएका दश सिङका बारेमा र त्यहाँबाट निस्केको अर्को सिङको बारेमा पनि जान्न चाहें, जसको सामु ती मध्ये तिन वटा सिङ झरे– त्यो सिङ जो अरूभन्दा प्रभावशाली देखिन्थ्यो र जसका आँखा र अभिमानपूर्ण कुरा गर्ने मुख थिए। २१ जसै मैले हेरें, त्यो सिङ पवित्र जनहरूका विरुद्ध लड़ाइँ गर्दैथियो र तिनीहरूलाई परास्त गर्दैथियो, २२ जबसम्म ती अति प्राचीन आएर सर्वोच्चका पवित्र जनहरूको पक्षमा इन्साफको घोषणा गरे, अनि समय आयो जब तिनीहरूले राज्य अधिकार गरे २३ “तिनले मलाई यसरी बताएः ‘चौथो जनावरचाहिँ पृथ्वीमा देखा पर्ने चौथो राज्य हो। योचाहिँ अरू राज्यहरूभन्दा फरक हुनेछ र समस्त पृथ्वीलाई कुल्चीमिल्ची पारी निल्नेछ। २४ दश सिङहरू त्यस राज्यबाट आएका दश राजाहरू हुन्।**

त्यससपछि पहिलेको भन्दा फरक, अर्को राजा खड़ा हुनेछ। उसले तिन राजाहरूलाई दबाउनेछ। २५ उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तिन वर्षसम्म उसको हातमा सुम्पिइनेछन्।"

दानिएलको पुस्तक हिब्रू अर्थात् अरामिक भाषामा लेखिएको थियो। त्यस भाषामा पद २५को सानो सिङको शक्तिले परमेश्वरको व्यवस्थालाई परिवर्तन गर्न खोज्नेछ भनिएको छ। विश्वको कुन राज्यले परमेश्वरको व्यवस्थालाई वास्तविकरूपमा परिवर्तन गरे त? इतिहासमा सबै कुराहरू धमिलिएको भएतापनि हामीलाई थाहा छ कि रोमको रोमन क्याथोलिक चर्चको धार्मिक अगुवा पोपले सातौं दिन साबथलाई शनिबारबाट आइतबार सारेका थिए। येशूको पुनरुत्थानभएको केही शताब्दीपछि रोमन क्याथोलिक चर्चले आइतबार मान्ने परम्परा शुरू गरेको थियो भने पन्ध्रौं शताब्दीमा रोमन क्याथोलिक चर्चको खिलाफमा उठेको बाइबल र बाइबललाई मात्र मान्ने भन्ने इसाई सुधारबादी आन्दोलनले पनि आइतबारलाई मान्ने परम्परालाई कायमै राखे। त्यो एक्काइसौं शताब्दीमा पनि जारी नै रहेको छ। आज जतिसुकै बाइबललाई मात्र मान्छु भन्ने प्रायजसो सुधारवादी वा प्रोटेस्टेन्ट इसाईहरूले हप्ताको पहिलो दिन आइतबारलाई नै साबथ भनेर मान्दछन् जुन बाइबलको निर्देशन बिपरित छ।

प्रकाश १३:१-१८सँग दानियल ७:१-८, २१-२५लाई तुलना गर्दा संसारको अन्तिम युगमा हुने घट्नाहरूलाई झण्डै उस्ता उस्तै रुपमा चित्रण गरिएको छ। हेर्नुहोस्ः प्रकाश १३:१-१७ "८ र पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात् तिनीहरूले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन। ९ जसको कान छ त्यसले सुनोस्– १० कैदमा जानुपर्ने कैदमा नै जानेछ, तरवारले मारिनेचाहिँ तरवारले नै मारिनेछ। सन्तहरूको सहनशीलता र विश्वास यसैमा छ। ११ अनि पृथ्वीबाट निस्किरहेको अर्को एउटा पशु मैले देखें। त्यसको पनि थुमाका जस्तै दुई वटा सिङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो। १२ त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरूलाई पहिलो पशुको पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो। १३ मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गऱ्यो। १४ पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा

त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो। १५ त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्। १६ अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो। १७ त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो। १८ बुद्धिमत्ता यसैमा छः जसको समझ छ, त्यसले त्यस पशुको संख्या जोडोस्, किनकि त्यो कुनै मानिसको संख्या हो, र यो संख्याचाहिँ छ सय छयसट्ठी हो।" र दानियल ७:१-८, २१-२५ "१ बेबिलोनका राजा बेलसजरको पहिलो वर्षमा दानिएल आफ्नो ओछ्यानमा पल्टिरहँदा तिनले सपना र दर्शनहरू देखे। तिनले त्यस सपनाको सार लेखे। २ दानिएलले भने, "मेरो दर्शनमा राती मैले हेरिरहँदा मेरो अगि आकाशका चार बतासहरूले ठूलो समुद्रलाई मन्थन गरेका थिए। ३ एक-अर्काबाट फरक चार ठूला पशुहरू समुद्रबाट निस्के। ४ "पहिलोचाहिँ सिंहजस्तै थियो, र त्यसका पखेटाहरू चीलका जस्तै थिए। त्यसका पखेटाहरू नचुँड़ाएसम्म मैले हेरिरहें, र त्यो मानिसजस्तै दुई खुट्टाले उभिने गरी जमिनबाट उठ्यो र त्यसलाई एउटा मानिसको हृदय दिइयो। ५ "अनि मेरो अगि दोस्रो पशु थियो, जुनचाहिँ भालुजस्तै देखिन्थ्यो। त्यसलाई शरीरको एकपट्टिबाट उठाइयो, र त्यसका मुखका दाँतहरूका बीचमा तीन वटा करङहरू थिए। त्यसलाई यस्तो आज्ञा दिइयोः 'उठ् र खानसक्ने जत्ति मासु खा!' ६ "त्यसपछि मैले हेरें, र त्यहाँ मेरो अगि अर्को पशु थियो, जुनचाहिँ चितुवाजस्तै देखिन्थ्यो। अनि त्यसको पिठिउँमा चराको जस्तै चार वटा पखेटाहरू थिए। त्यस पशुका चार वटा टाउकाहरू थिए, र त्यसलाई शासन गर्ने अधिकार दिइयो। ७ "त्यसपछि राती दर्शनमा मैले देखें र मेरो अगि भयङ्कर र डरलाग्दो र अत्यन्तै शक्तिशाली चौथो पशु थियो। यसका ठूला-ठूला फलामका दाँतहरू थिए। त्यसले आफ्नो शिकारलाई चकनाचूर पारी खाइदिन्थ्यो र बाँकी रहेकालाई खुट्टाले कुल्चीमिल्ची पार्थ्यो। अघिका पशुहरूभन्दा त्यो फरक थियो र त्यसका दश वटा सिङहरू थिए। ८ "जसै म ती सिङहरूका बारेमा विचार गर्दैथिएँ, मेरो अगि एउटा सानो सिङ थियो, जुनचाहिँ तिनीहरूमध्येबाट उम्रेको थियो, र पहिलेका सिङहरूमध्ये तिन वटाचाहिँ त्यसको सामु जरैसमेत उखेलिए। मानिसका आँखाजस्तै त्यस सिङका आँखा थिए, र अहङ्कारी कुरा गर्ने त्यसको मुख थियो।...२१ जसै मैले हेरें, त्यो

**सिङ पवित्र जनहरूका विरुद्ध लड़ाइँ गर्दैथियो र तिनीहरूलाई परास्त गर्दैथियो, २२ जबसम्म ती अति प्राचीन आएर सर्वोच्चका पवित्र जनहरूको पक्षमा इन्साफको घोषणा गरे, अनि समय आयो जब तिनीहरूले राज्य अधिकार गरे २३ "तिनले मलाई यसरी बताए: 'चौथो जनावरचाहिँ पृथ्वीमा देखा पर्ने चौथो राज्य हो। योचाहिँ अरू राज्यहरूभन्दा फरक हुनेछ र समस्त पृथ्वीलाई कुल्चीमिल्ची पारी निल्नेछ। २४ दश सिङहरू त्यस राज्यबाट आएका दश राजाहरू हुन्। त्यसपछि पहिलेको भन्दा फरक, अर्को राजा खड़ा हुनेछ। उसले तिन राजाहरूलाई दबाउनेछ। २५ उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तिन वर्षसम्म उसको हातमा सुम्पिइनेछन्।"**

दानिएलले दर्शनमा देखेका पोपको आधिपत्यलाई जनाउने शक्तिको प्रतीक पछिल्लो रोमको थियो, त्यसलाई नै उल्लेख गरेर प्रकाशको पुस्तकमा त्यस शक्तिद्वारा परमेश्वरका ती जनहरू सताइने छन् भनिएको छ। ती शक्तिको हुकुम नमानेर पशुको आराधना नगर्ने विश्वासीहरूमाथि रिस खन्याइनेछ भनेर प्रकाशको पुस्तकले देखाउँछ।

**संसारको अन्तमा मानिसहरूले कस्को आराधना गर्दारहेछन् भनेर टुङ्गो लगाउने निर्णायक दिन हप्ताको सातौं दिनले बताउने भएकोले प्रकाश १४:६,७ बिशेष गरेर ७ले र प्रस्थान २०:११को चौथो आज्ञाले औंल्याएको विषयलाई हामीहरूले कसरी लिने? हेर्नुहोस्: प्रकाश १४:६,७ "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्तको सुसमाचार तिनीसँग थियो। ७ *तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"***

## उपसंहार:

शैतानलाई बाइबलमा अजिङ्गर, ड्रागन वा पशुको संज्ञा दिइएको छ। शैतानले नै ड्रागन जस्तो भएर स्वर्गमा परमेश्वरसँग युद्ध गरेको थियो (प्रकाश १२:७)। त्यही शैतान जो संसारमा पनि उग्र रूप लिएर परमेश्वरका जनहरूसँग युद्ध गर्दछ। परमेश्वरको आज्ञा पालन गर्ने र येशूको गवाही हुने परमेश्वरका जनहरूसँग (प्रकाश १२:१७ कुनै कुनै नेपाली बाइबलमा यो वाक्य हटाइएको छ) शैतान र उसका मतियारहरूले लडाईं गर्छन्। शैतानले आफ्नो भाऊ

खोजेर सारा जगतले उसलाई पूजा गरेको ऊ चाहन्छ| (प्रकाश १३:१-४ "१ समुद्रबाट एउटा पशु निस्किआएको मैले देखें, जसका दश वटा सिङ र सात वटा शिर थिए। त्यसका सिङमा दश वटा मुकुट थिए, र त्यसका शिरमा ईश्वर-निन्दाको नाउँ थियो। २ मैले देखेको त्यो पशु चितुवाजस्तै थियो, त्यसका खुट्टाहरू भालुका जस्ता थिए, र त्यसको मुख सिंहको जस्तो थियो। त्यस अजिङ्गरले त्यस पशुलाई आफ्नो शक्ति, आफ्नो सिंहासन र ठूलो अधिकार दियो। ३ त्यसको एउटा शिरमा चाहिँ घातक चोट लागेको जस्तो देखिन्थ्यो, तर त्यसको चोट निको भयो। अनि सारा पृथ्वी छक्क परेर त्यस पशुको पछिपछि लाग्यो। ४ मानिसहरूले अजिङ्गरको पूजा गर्दथे, किनकि त्यसले आफ्नो अधिकार पशुलाई दिएको थियो। तिनीहरूले यसो भन्दै पशुको पूजा गरे, "यो पशुजस्तो अरू को छ? यसको विरुद्धमा को लड्न सक्ने?" )। त्यसकारण स्वर्गमा शैतानले शुरू गरेको युद्धलाई यस संसारमा पनि ऊ जारी राख्न खोज्दछ। शैतानले लडाईँ गर्ने मूल विषयबस्तु नै परमेश्वरको व्यवस्थाको बिरुद्ध हो। "चौथो आज्ञाले परमेश्वरलाई स्वर्ग र संसारको सृष्टिकर्ता भनेर खुला रूपमा प्रकट गर्दछ। सृष्टिकर्ता सनातन परमेश्वर र सृष्टि गरिएका तर देवी देवता भनेर दावी गर्ने मिथ्या देवताहरूको बीचमा फरक देखाउने मूल सुत्र नै साबथ आज्ञा हो। पवित्र पारिएको सातौं दिन साबथ परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर धरोहरको रूपमा प्रमाणित भएर खडा भइरहेको छ। छ दिन काम गरेर त्यस दिन बिश्राम लिन पनि परमेश्वरले मानिसहरूलाई आज्ञा दिनुभएको छ। परमेश्वर नै जीवनको स्रोत हुनुहुन्छ भनेर सारा मानव जगतले दिमागमा राखून् र त्यस दिनलाई श्रद्धा राखेर परमेश्वरको आराधना गरोस् भन्ने हेतुले हप्ताको अरू दिनहरूबाट त्यो दिन अलग राखिएको हो। तर मानिसहरूले गर्नुपर्ने सृष्टिकर्ता परमेश्वरप्रतिको निष्ठालाई शैतानले बहकाइदिइरहेको छ। (येशूलाई विश्वास गरे पुगिहाल्छ नि दश आज्ञाको चासो किन राख्नु पर्‍यो र?) भनेर मानिसहरूलाई परमेश्वरको आज्ञालाई नमान्न शैतानले भरमग्दुर प्रयास गरिरहेको छ। त्यसकारण शैतानले विशेष गरेर परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर औँल्याउने चौथो आज्ञाको बिरुद्धमा आफ्नो प्रयास केन्द्रित गर्दछ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ५३,५४बाट रूपान्तरित।

परमेश्वर स्वर्ग र पृथ्वीका सृष्टिकर्ता हुनुभएकोले नै हामी उहाँको उपासना गर्दछौं। हप्ताको सातौं दिन शनिबार उहाँ सृष्टिकर्ता हुनुहुन्छ भन्ने आधारशीला हो। परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भन्ने चिन्ह सातौं दिन बिश्रामबार

सृष्टिको शुरूदेखि नै दिइएको हो (उत्पत्ति २:१-३)। परमेश्वरको अधिकार र सार्वभौमसत्तालाई जनाउने साबथ दिनलाई शैतानले हमला गरिरहने कुरालाई हामीले आश्चर्य मान्नुहुन्न। सातौं दिन साबथले परमेश्वरको परिचयलाई देखाउनेभएकोले नै शैतानले त्यस दिनको गरिमालाई खतम गर्न इसाई भनाउँदाहरूकै प्रयोग भइरहनु दुःख लाग्दो कुरो हो। संसारको अन्तमा परमेश्वरका जनहरू हुनेछन् जसले उहाँको प्रतिष्ठालाई कायम गरेर उहाँप्रतिको निष्ठामा अडिग भएर बस्दछन्। तिनीहरूले परमेश्वर नै आराधनाको योग्य हुनुहुन्छ भनेर औंल्याउने हप्ताको सातौं दिनमात्र नभएर दश आज्ञाको सम्पूर्ण आज्ञाहरूको आत्मसात् गर्नेछन्।

**चिन्तनमननः**

अ. **पापको वास्तविकताको बारेमा चर्चाचाहिँ गर्छन् तर परमेश्वरको दश आज्ञाचाहिँ खतम भयो भनेर सिकाउने इसाई विश्वासीहरूको समस्या के हो? तिनीहरूको तर्कमा तिनीहरू नै मेल नखाइरहेको विषयलाई कसरी औंल्याउने?**

आ. **हप्ताको सातौं दिन साबथको सट्टा आइतबारलाई नै पालन गर्नुपर्छ भनेर जिकिर गर्ने इसाईहरूसँग तपाईंले कसरी तर्क गर्नुभएको छ? कस्तो खालको तर्क तपाईंले उपयोग गर्नुभयो र त्यो कतिको प्रभावकारी छ? हप्ताको सातौं दिन साबथ पालन गर्नु भनेको कामबाट मुक्ति पाउन खोज्नु हो भनेर विवाद गर्न खोज्ने इसाईहरूलाई तपाईंले कसरी चित्तबुझ्दो तरिकाले सम्झाउने?**

इ. **जब हामी अरूसँग साबथ र अन्तिम समयमा हुने घट्नाहरूको बारेमा चर्चा गर्छौं "पशुको छाप वा आइतबारलाई पवित्र दिन मान्ने विषयहरु, आदेश वा  जिकिरलाई अझसम्म पूर्णरूपमा कार्यान्वयन भएको छैन भनेर जान्नु किन जरुरी छ?**

कथा ६

सम्बन्ध जोड्नु

**डार्लिन् थिसन, ४५**

**अलबर्ट क्यानाडा**

---

क्यानाडाको अलबर्ट प्रान्तमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट मामावी आटोस्केटन नाटिभ स्कूल जुन स्थानीय बासिन्दाहरूको लागि खोलिएको थियो, त्यहाँ पढ्ने एक जना आड्रियस भन्ने आठ कक्षाको विद्यार्थीको मैले काम शुरू गरेकै वर्षमा मृत्यु भएको थियो। ऊ रक्सी खाने दुर्व्यसनमा फसेको थियो। रक्सीको सुरमा ऊ घरबाट बाहिर गएको बेलामा एउटा कारले उसलाई ठक्कर दिएपछि ऊ त्यहीं मरेको थियो। त्यस दिन बिहान मलाई साह्रै नमजा लागिरहेको थियो। त्यो दिन पनि विद्यार्थीको मृत्यु भएकोले स्कूल बन्द भएको थियो। मैले काम गर्न थालेको दोस्रो वर्षमा पनि अर्को विद्यार्थीको मृत्यु भयो। फ्रान्सिस बफालो भन्ने त्यो विद्यार्थी एकदम ठूलो जिउको थियो। तर ऊ भलाद्मी र मायालु थियो। मोटर पार्क गर्ने ठाउँमा ऊ आफ्नो साथीसँग कुरा गर्दै थियो त्यतिनै बेला  अचानक एउटा ड्राइभरले सम्हाल्न नसकेको कारले उसलाई कुल्चेको थियो।

ती दुई विद्यार्थीहरूको मृत्युले मलाई ज्यादै शोकित बनाएको थियो। ती केटाहरूको अन्त्येष्टीमा मैले आँखाबाट आशु रोक्न खोजेको थिएँ। म शिक्षक भएको नाताले ती केटाहरूसँग मेरो राम्रो सम्बन्ध थियो। यदि म रोए भने म आफैलाई रोक्न सक्दिन भनेर मलाई थाहा थियो।त्यतिनै बेला मेरो शरीर कत्र्याक कुक्रुक  भयो म त बिस्फोट हुन लागे जस्तै भएको थिएँ।

अन्त्यष्टीको समयमा मेरो मनमा नानाथरी प्रश्नहरू उब्जिरहेका थिए। ती केटाहरूमा मैले कस्तो प्रभाव पारैं होला भन्ने कुराले मलाई सताइरहेको थियो। के स्कूलबाट तिनीहरूले परमेश्वरपको प्रेमलाई बुझे त? के हामीले तिनीहरूलाई पर्याप्त सिकायौं त ? के तिनीहरूले मर्ने बेलामा परमेश्वरसँग पुकार गरे? ती केटाहरूको असमायिक मृत्युले गर्दा प्रत्येक दिन विद्यार्थीहरूलाई येशूकहाँ ल्याउनु  पर्ने कुराको याद मलाई आइरहेको थियो। तिनीहरूको सम्बन्ध येशूसँग भएको म चाहान्थे, ताकि तिनीहरूको जीवनमा परिवर्तन आओस्। शिक्षक भएको हैसियतले मेरो प्रयासको परिणाम सधैं त देख्दिन तर कता कता मेरो मनमा आशाचाहीं पल्हाएको थियो।

एक पटक अफ्रिकाको मोजाम्बिकमा अनाथालय खोल्न आड्रासँग काम गर्न गएँ। मेरो तिन कक्षाका विद्यार्थीहरूलाई म कहाँ जान्छु र के गर्नेछु भनेर उत्सुकसाथ बताएको थिएँ र मेरो सट्टामा अर्को शिक्षक आउनेछन् भनेर मैले भनेको थिएँ। एक जना टियन्ड्रा भन्ने सानी छात्राले त मैले स्कूलै छोड्न लागेको भन्ने ठानिन्। उनलाई धेरै नरमाइलो लागेको रहेछ र उनले गुनासो गरिन् अनि हेडसरको अफिसमा उनलाई बोलाइयो। स्कूलमा किन गुनासो गरेकी भनेर हेडसरले सोध्दा उनले भावुक भएर भनिन्, " बिछोड हुँदा के हुन्छ भनेर तपाईंलाई थाहा छैन र?"तर हेडसर कोठाबाट बाहिर निस्केर हाँसे। एउटी सानी छात्राले कस्तो ठूलो मान्छेले जस्तो भावुक कुरा गरेकी, भन्दै मन खोलेका थिए।

मैले अनुमान गरे अनुसार नै टियन्ड्रा थिइन्।मैले उनलाई त्यागें भनेर उनी दुःख मान्दै क्लासमा सुक्क-सुक्क गर्दै थिइन्। उनी र मेरो बीचमा केही न केही भावनात्मक सम्बन्ध थियो, म क्लासमा नहुँदा उनलाई मैले छोडें भन्ने लाग्दो रहेछ।

जब म मोजाम्बिकमा काम सकेपछि त्यही स्कूलमा फेरि फर्केर आएँ तब स्कूलको हेडसरले मलाई फोन गरेर भने "एक जना विद्यार्थीले तपाईंसँग कुरा गर्न चाहेकी छिन्।" साच्चै नै उनी टियन्ड्रा नै थिइन्।

"हेलो? तपाईं कहिले स्कूलमा फर्केर आउनुहुनेछ?" टियान्ड्राले मलाई सोधिन्। "भोलि" भनेर मैले जवाफ दिएँ। "हुन्छ" भनेर उनले भनिन्।त्यसपछि उनलाई आनन्द भएको थियो किनभने हामीहरूको सम्बन्ध पुनर्स्थापित भएको थियो।

सबै शिक्षकहरूले विद्यार्थीहरूसँग कुनै न कुनै रूपमा भावनात्मक सम्बन्ध गासेका हुन्छन् र तिनीहरूले दैनिक रुपमा हामीलाई नदेख्दा तिनीहरूको मन अँध्यारो हुन जान्छ।

गत वर्ष सन् २०१६मा तिन कक्षाका विद्यार्थीहरूलाई मैले क्रुसमा मर्नुभएको येशूको बारेम सिकाउँदा सबै विद्यार्थीहरू चुपचाप भएका थिए। कसैले त्यस्तो प्रेम गरेको थाहा पाएपछि तिनीहरूको अनुहारमा आश्चर्यका रेखाहरू कोरिएका थिए। आफ्नो छोराको निम्ति भन्दा अरु कसैको निम्ति मर्नु मलाई सजिलो हुन्छ भनेर मैले तिनीहरूलाई भनेको थिएँ। "परमेश्वरले तिमीहरूलाई यस्तो धेरै माया गर्नुहुन्छ कि तिमीहरूको निम्ति उहाँले आफ्नै पुत्रलाई त्यागनुभयो।" मैले तिनीहरूलाई भनें। एक जना विद्यार्थीले त अचम्म मान्दै सोधे "हो र? मेरो निम्ति उहाँ मर्नुभयो?" जब बालबालिकहरूलाई

सम्हाल्ने घरका दाजु र दिदीहरू आ-आफ्नो घरमा आए, तब एक जना छात्राले घरमा कोलाहलको सामना गर्नुपरेको थियो। उनकी कान्छी बहिनीलाई घरबाट बाहिर अर्कै घरमा राखिएको थियो र उनको आमाले उनलाई फर्काउन खोजेकी थिइन्। पहिलो कक्षाका विद्यार्थीहरूलाई चिन्ता लागेको थियो। केही विद्यार्थीहरूले त उनलाई जिस्क्याउन थाले। एक दिन ती छात्रा क्लासबाट बाहिर रोइरहेकी थिइन् र के भयो भनेर मैले सोधेँ। "क्लासका साथीहरूले मेरी बहिनीलाई मरे" भनेर उनले भनिन्। के उनीसँग म प्रार्थना गर्न सक्छु कि भनेर मैले भने। उनको हात समातेर मैले उनको बहिनीको निम्ति प्रार्थना गरेँ। प्रार्थना पछि मैले उनलाई भनेँ, "तिम्रो बहिनी येशूको हातमा छिन्। तिमीलाई हलुको भइरहेको छ?"  उनलाई सारा बोझ उनको काँधबाट झरेको जस्तो लागेको थियो नभन्दै बाहिर गएर अरूसँग खेल्न थालिन्।

शिक्षक भएकै कारणले यस्ता धेरै क्षणहरू आउँछन् जहाँ येशूको प्रेमलाई देखाउन सक्छौं। साना साना भाइबहिनीहरूलाई येशूकहाँ म ल्याउन चाहन्छु। अनन्त जीवनको बारेमा प्रभाव पर्ने काममा म चुक्न चाहान्न।

- *डार्लिन् थिइसनले आन्द्रु मेकचेस्नीलाई भनेको आधारमा तयार पारिएको तथा हो*

**क्यानाडाको बारेमा थप जानकारीः**

अ) उत्तर अमेरिकी समुद्र तथा खोलामा रहने बिभर क्यानाडाको राष्ट्रिय जनावर हो।

आ) क्यानाडाको अलबर्टा भन्ने प्रान्त ५० वर्षदेखि मुसारहित क्षेत्र भएको छ।

इ) विनीपिग भन्ने भालुको वच्चा क्यानाडाबाट लन्डनको चिडियाखानामा सन् १९१५मा लगिएको थियो। एक जना क्रिस्टोफर रबिन मिल्न भन्ने केटालाई त्यो भालु यस्तो मन परेको थियो कि चिडिया खानामा त्यस विनी नाउँ गरेको भालुलाई हेर्न बारम्बार जान्थे। उनको त्यो चाखले उनको बुबा एए मिल्नलाई प्रेरणा जाग्यो र विनि द पुह भन्ने कथाहरू लेखेका थिए।

ई) सन् २०१० को विन्टर औलोम्पिकमा क्यानाडाले धेरै सुनको तक्मा जितेको थियो।

उ) क्यानाडाको कुवेक शहरमा होटेल द ग्लान्स छ जहाँ ४०० टन बरफ र १२,०० टनको बरफले प्रत्येक वर्ष त्यस होटेलको निर्माण गरिन्छ। प्रत्येक वर्ष त्यो होटेल पग्लिन्छ र अर्को वर्ष फेरि बनाइन्छ।